Universal Power Company Limited

Bluestar Complex, Tripureshwor, Kathmandu
Phone : 01-5351463

UNAUDITED FINANCIAL STATEMENTS

FIRST QUARTER ENDED (FISCAL YEAR 2083/084) AS AT ASOJ END, 2083 (October 17, 2026)

Statement of Financial Position	This Year First Quarter Ending Asoj End, 2083	Previous Quarter Ending Ashadh End, 2083	*Restated Corresponding Previous Year First Quarter Ending Asoj End, 2082
Assets			
Non-Current Assets			
Property, Plant & Equipment	2,572,412,505	2,602,475,812	2,685,664,382
Project Assets under development	84,249,886	82,977,501	78,682,395
Investment in Associates	745,610,679	720,805,063	654,752,898
Other Equity Investment	62,946	57,798	51,035
Total Non-Current Assets	**3,402,336,016**	**3,406,316,173**	**3,419,150,710**
Current Assets			
Inventories	4,835,104	7,914,812	5,752,959
Financial Assets			
Trade Receivables	84,616,135	54,745,460	61,664,415
Cash and Cash Equivalents	104,807,108	96,910,254	122,046,401
Other Financial Assets	3,319,204	3,072,065	3,484,095
Other Current Assets	623,888,368	629,104,589	574,846,147
Current Tax Assets (Net)	47,206,566	47,590,284	40,114,638
Total Current Assets	**868,672,485**	**839,337,464**	**807,908,654**
Assets Held For Sale			
Total Assets	**4,271,008,501**	**4,245,653,637**	**4,227,059,364**
Equity & Liabilities			
Equity			
Equity Share Capital	2,485,123,618	2,485,123,618	2,279,929,925
Other Equity	298,690,124	240,308,411	410,313,484
Total Equity	**2,783,813,742**	**2,725,432,029**	**2,690,243,409**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Borrowings	1,201,567,373	1,225,944,210	1,315,299,928
Other Financial Liabilities	875,725	875,725	1,165,953
Deferred Tax	114,922,609	108,616,688	92,145,093
Total Non-Current Liabilities	**1,317,365,707**	**1,335,436,623**	**1,408,610,974**
Current Liabilities			
Borrowings	89,853,047	102,953,047	53,072,655
Trade Payables	-	-	70,588
Other Financial Liabilities	76,272,149	79,709,824	69,078,545
Other current liabilites	3,703,856	2,122,115	5,983,193
Total Current Liabilities	**169,829,052**	**184,784,986**	**128,204,982**
Total Liabilities	**1,487,194,759**	**1,520,221,609**	**1,536,815,956**
Total Equity & Liabilities	**4,271,008,501**	**4,245,653,637**	**4,227,059,364**

Statement of Profit or Loss and other Comprehensive Income	This Year First Quarter Ending Asoj End, 2083	Previous Quarter Ending Ashadh End, 2083	*Restated Corresponding Previous Year First Quarter Ending Asoj End, 2082
Revenue	108,260,126	239,675,986	82,860,930
Cost of Sales			
Generation Expenses	11,619,540	55,084,480	7,550,130
Gross profit	**96,640,586**	**184,591,506**	**75,310,800**
Depreciation	30,059,719	119,930,254	29,963,129
Other Income	10,175,932	62,335,065	12,497,424
Administrative & Other Operating Expenses	5,091,977	22,502,714	5,259,949
Profit from Operation	**71,664,822**	**104,493,603**	**52,585,145**
Finance Costs	15,153,487	76,464,184	20,909,992
Profit Before Tax	**56,511,336**	**28,029,419**	**31,675,155**
Income Tax Expenses			
Income Tax Provision			
Current Tax	-	-	-
Deferred Tax Credit/Charge	(112,641)	(61,309)	(113,856)
Profit for the year	**56,398,696**	**27,968,110**	**31,561,298**
Other Comprehensive Gain/(Loss) for The Year, Net of Tax	**18,608,073**	**(204,835,219)**	**(254,379,414)**
Total Comprehensive Gain/(Loss) for The Year, Net of Tax	**75,006,769**	**(176,867,109)**	**(222,818,116)**

* Previous Year's Figures have been regrouped whenever necessary .
*We have changed reporting format from functional to nature to align quarterly reporting with Nepal Financial Reporting Standards (NFRS).

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१) वित्तीय विवरण :

क) यस कम्पनीले दोलखा जिल्लाको गौरीशंकर गाउँपालिकाको वडा न. ६ मा ११ मेगावाट क्षमताको तल्लो खारे खोला जलविद्युत आयोजनाबाट विद्युत उत्पादन गर्दै आइरहेको छ । हाल २०८३ असोज मसान्त सम्मको बिल रकम सहित रू ८,४६,१६,१३५.०० (अक्षरमा : रू. आठ करोड छयालीस लाख सोह्र हजार एक सय पैतीस मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ । गत साउन ०६, २०८३ बाट अप्रत्यासित रूपमा भएको अविरल वर्षाको कारणले तल्लो खारे खोला लगायत अन्य साना खोलाहरूमा आएको बाढी र पहिरोको कारण तल्लो खारे खोला जलविद्युत आयोजनाको Intake र Headworks / Headrace Pipe मा क्षति पुग्न गएको साथै काबु बाहिरको परिस्थिती सिर्जनाको कारण यस आयोजनाको उत्पादन साउन ०६, २०८३ देखि मिति साउन ०७, २०८३ बन्द रहेको थियो । उक्त क्षतिको बारे इन्स्योरेन्स कम्पनीलाई जानकारी गराईएको छ र इन्स्योरेन्स कम्पनीद्वारा क्षतिको यकिन गर्ने प्रकृयामा रहेको छ । साथै नदीमा प्रशस्त पानी भएता पनि नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) ले जडित क्षमता भन्दा कम विद्युत उत्पादन गर्न निर्देशन दिएकोले आयोजनाले क्षमता भन्दा कम विद्युत उत्पादन गर्न कम्पनी बाध्य भएको छ जसको कारणले आम्दानीमा प्रत्यक्ष असर पर्न गएको छ ।

ख) उक्त वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्नानुसार छ ।

अवधी	बार्षिकीकरण गरिएको प्रतिशेयर आम्दानी रु	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	मूल्य आम्दानी अनुपात	प्रतिशेयर कुल सम्पतीको मूल्य रु.
यस त्रैमासिक अन्त्य सम्ममा	९.०८	११२.०२	५.११	३६.३०	१७१.८६

२) व्यवसायिक विश्लेषण :

यस कम्पनीबाट लगानी गरिएको राप्ती हाइड्रो एण्ड जनरल कन्सट्रक्सन लिमिटेड्द्वारा प्रर्वधित (रूकुम गाढ जलविद्युत आयोजना – ५ (मेगावाट) आयोजनाको निर्माण सम्पन्न गरी विद्युतको व्यापारीक उत्पादन शुरू भईसकेको छ तथा सो कम्पनीको शेयर नेपाल धितोपत्र बजारमा सुचिकृत भई कारोबार भईरहेको छ । साथै, यस कम्पनीबाट लगानी गरिएको माथिल्लो इङखु खोला जलविद्युत आयोजना (२४.२२ मे.वा) को नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्री सम्झौता प्रकृयामा रहेको छ । र साथै विद्युत विकास विभाग सँग विद्युत उत्पादन अनुमति पत्रको प्रकृयामा रहेको छ । कम्पनीले दीर्घकालीन ऋण चुक्ता गर्न र माथिल्लो छुजुङ्ग खोला जलविद्युत आयोजना ४०.७ मे.वा. मा लगानी गर्ने उदेश्यले १:१ को अनुपातमा हकप्रद शेयर जारीको लागी आ.व. २०८१/८२ को वार्षिक साधारण सभाबाट पारित भई विद्युत नियमन आयोगको अनुमतिको प्रकृयामा रहेको छ ।

३) कानुनी कारबाही सम्बन्धी विवरण :

यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले कम्पनी विरूद्ध साथै संस्थापक र सञ्चालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४) कम्पनीको शेयर कारोबार सम्बन्धी विश्लेषण:

क) **धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:**

अधिकतम मूल्य रु	न्यूनतम मूल्य रु	अन्तिम मूल्य रु	कारोबार दिन	कुल कारोबार संख्या
३७०.००	३१०.००	३२९.५०	६१	८,५२२

५) समस्या तथा चुनौती :

कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरू वारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ । विश्वव्यापी जलवायु परिर्वतनको कारण खोलाहरूमा आएको बाढीको कारणले विद्युत उत्पादनमा असर पुग्न गई आम्दानीमा कमी आएको छ जसले गर्दा कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्नेदेखिन्छ । साथै मानवीय नियन्त्रण भन्दा बाहिरको दैविक प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने छ ।

६) संस्थागत सुशासन: संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी नियमावली, आर्थिक विनियमावली बमोजिम कार्यसम्पादन गरिरहेको छ । संस्थागत विकास तथा कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।